# लैंगिक समानता तथा सामाजिक समाबेशिकरण नीति, २०८२

## कटारी नगरपालिका

## नगरपालिकाको कार्यालय, उदयपुर

कोशी प्रदेश, नेपाल

## बिषय सुची


१. परिचय

२. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण (लैससास) नीतिको आवश्यकता

३. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण नीतिका आधार सतम्भहरु

४. परिवर्तनको सिद्धान्त

५. नीतिका सिद्धान्तहरु

६. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण नीति निर्माण प्रक्रिया

७. कटारी नगरपालिकाको दिर्धकालीन सोच (Vision)

८. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण नीतिको दुरदृष्टि

९. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण हासिल गर्ने लक्ष्य

१०. उदेश्य

११. नीतिहरु

१२. रणनीतिहरु

१३. रणनीतिक क्षेत्र (Strategic Theme)

१४. रणनीतिले स्थापित गर्न खोजेको परिवर्तनमुखी लक्ष्यहरु

१५. गतिविधिहरु

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

१. <u>नगरपलिकाको परिचय</u>

कटारी नगरपालिका नेपालको कशी प्रदेशमा अवस्थित छ, जुन सगरमाथा र हलेसी माहादेवको प्रवेशद्वार मानिन्छ ।यसको पूर्वमा उदयपुरगढी र ताप्ली गाँउपालिका, पश्चिममा दुधौली र फिक्कल, उत्तरमा ओखलढुंगाको मानेभञ्ज्याङ्ग गाउँपालिका र खोटाङको हलेसी तुवाचुङ्ग नगरपालिका, तथा दक्षिणमा धनुषा र सिरहा जिल्लाका नगरपालिकाहरू रहेका छन् । यो महाभारत र चुरे पर्वत श्रृङ्खलाको बीचमा अवस्थित छ र भित्री मदेशको रूपमा परिचित छ । २०७१ मा घोषित यस नगरपालिकाको क्षेत्रफल ४२४.९ वर्ग किलोमिटर छ र यसलाई १४ वडामा विभाजन गरिएको छ ।

कटारी नगरपालिकाको केन्द्र कटारी बजारमा रहेको छ, जुन मदन भण्डारी सडक र सिद्धिचरण राजमार्गले जोडिएको छ। यहाँको तापमान गर्मीमा ३५-४०°C र जाडोमा २०-२५°C सम्म पुग्छ। बाहुन, क्षेत्री, मगर, थारु, तामाङ्ग, नेवार, मुसलमान, राई, गुरुङ्ग, तथा अन्य जातीय समुदायहरू यहाँ बसोबास गर्छन् ।

मुख्य आय स्रोत खेतीपाती र पशुपालन हो, तर हाल नोकरी, व्यापार, र साना उद्योगमा पनि मानिसहरू संलग्न छन्। धान, मकै, गहुँ, आँप, कटहर, सुन्तला, कागती, निबुवा, र अदुवाको खेती गरिन्छ। चुनढुँगाको खानीले सिमेन्ट उद्योगलाई बढावा दिएको छ।

यस नगरपालिकामा चौकीभन्जाङ, सिरिसे भञ्ज्याङ्ग, राउतखर्क, बेतिनी, गहुँबारी, चुलाथुम, र लेखानी डाँडा जस्ता पर्यटकीय स्थलहरू रहेका छन्। बेतिनीबाट तराईको हरियाली र हिमालको दृश्य अवलोकन गर्न सकिन्छ।

स्वास्थ्य सेवामा अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, र गाँउघर क्लिनिक उपलब्ध छन्। विभिन्न तहका विद्यालय, मानविकी संकाय, र वन विज्ञान संकायको क्याम्पसले शिक्षा क्षेत्रमा योगदान दिइरहेको छ ।भौगोलिक विविधता र प्राकृतिक सुन्दरताले भरिपूर्ण कटारी नगरपालिका उदयपुर जिल्लाको एक आकर्षक स्थान हो।

२. <u>लैंगिक समानता तथा सामाजिक समाबेशिकरण नीतिको आवश्यकता</u>

देशमा संघीय संरचना अन्तर्गत तीन तहको सरकार निर्माण भएको छ। संविधान प्रदत्त अधिकारहरू, नेपाल पक्षराष्ट्र भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा निहित प्रतिवद्धता एवं नेपाल सरकारले आत्मसाथ गरेका सुम्मावहरूका साथै दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्नु, विकासका योजना एवं बजेट व्यवस्थापनका क्रममा आत्मसाथ गर्नु सबै तहका सरकारको दायित्व हो। राज्यले लिएको समृद्ध नेपाल, सुखी नेपाली को लक्ष्य प्राप्त गर्ने मूल आधार हो।

देशको संविधानले विभेदलाई नेपाली नागरिकको समृद्धि र विकासलाई प्रभाव पार्ने प्रमुख तत्वको रूपमा आत्मसाथ गर्दै समानताको अधिकारलाई मौलिक अधिकारको रूपमा ग्यारेन्टी गरेको छ। लामो

समयदेखि देशमा जातिय, वर्गिय, लैंगिक, क्षेत्रिय, भाषिक, यौनिकता, शारीरिक क्षमता जस्ता विभिन्न समूहमा विभाजित गर्दै मानिस-मानिस बीच र समूह-समूह बीचमा विभेद संस्थागत गरिएको छ। तर यी सबै समूह बीच पनि हेर्ने हो भने सबै ठाउँ र समूह बीच महिला र पुरुषका लागि फरक मूल्य मान्यताहरू छन्। फरक दृष्टिकोण स्थापित गराइएको छ, लैंगिक रूपमा विभेद छ, व्यक्ति र समाजको मूल्य मान्यताका रूपमा स्थापित भएका छन्। कानूनमा विभेद अन्त्य भएको भनिएता पनि व्यवहारमा रूपान्तरण गर्न सकिएको छैन।

कुल जनसंख्याको ५१.५ प्रतिशत महिलालाई सामाजिक मूल्य मान्यताका कारण हेर्ने फरक दृष्टिकोणले हरेक क्षेत्रमा विभेद र हिंसा भोग्नुपर्ने बाध्यता रहेको छ। यो अवस्था रहुन्जेल समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना हासिल गर्न सकिंदैन। यो आत्मसाथ गरिएको तथ्य हो। त्यसैले नै संघीय सरकारद्वारा लैंगिक विभेदको अन्त्यः समृद्ध नेपालको गन्तव्य भन्ने नाराका साथ २०६७ लाई लैंगिक विभेदको अन्त्य गर्ने अभियानमा केन्द्रित गर्ने उद्घोष गरेको छ।

हिंसाले व्यक्ति, परिवार, समुदाय र सिङ्गो राष्ट्रको शारीरिक, मानसिक, सामाजिक, स्वास्थ्य र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारिरहेको छ। महिला माथि हुने हिंसाले महिलाको शारीरिक, मानसिक, स्वास्थ्यमा असर पार्नुका साथै उक्त महिलालाई हिंसा गर्ने व्यक्तिलाई, उनका सन्तान एवं परिवारका अन्य सदस्यलाई पनि प्रभाव पार्छ। त्यसैले मुट्ठी हेर्दा महिला माथि हुने हिंसा महिलाको समस्याको रूपमा देखिएता पनि यो हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रको समस्या हो। राज्यले ठूलो स्रोत हिंसा प्रभावित महिला, बालबालिकाहरूको शारीरिक, मनोवैज्ञानिक, स्वास्थ्य पुनर्स्थापना तथा न्यायिक उपचारका लागि लगानी गर्नु परिरहेको छ। यो अवस्था रहँदा सम्म मुलुकको कुल उत्पादकत्व क्षमता बृद्धि हुन सक्दैन र यसको नकारात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा समेत पर्न जान्छ।

नेपालको संविधान २०७२ ले मौलिक अधिकारको धारा १६ अनुसार प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने, धारा १८ (३) ले राज्यले नागरिकहरूका बीच लिंग, जात, जाति, धर्म, वर्ण, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने, धारा ३८ (१) ले प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान अधिकार, धारा ३८ र ३) ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक। धारा ४२ ले सामाजिक न्यायको हकलाई सुनिश्चित गरेको छ।

त्यसैगरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदनमा नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिला विरुद्ध हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेद अन्त्य गर्न नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिंसाको मुद्दा दर्ताको हदम्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

व्यवस्था गर्नुपर्ने, हानिकारक अभ्यासले पार्ने दुष्प्रभाव बिरुद्ध धर्मगुरु सहित जनचेतनाका लागि ठोस लक्ष्य र रणनीति विकास गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ। यसका साथै दिगो विकास लक्ष्य अनुरूप सन् २०३० सम्ममा संसारका सबै देशहरू गरिबी अन्त्य, सबैलाई गुणस्तरीय स्वास्थ्य, शिक्षा, रोजगारी र लैंगिक समानता सुनिश्चित गर्न प्रतिवद्ध छन् ।

समुदाय तहमा रहेका विभेदकारी मूल्य मान्यताहरू परिवर्तन नभए सम्म संविधान प्रदत्त समानताको हक पूरा हुन सक्दैन। हातुवाको आधारमा गरिएका महिला हिंसा विरुद्धका जागरण अभियान र केही कार्यक्रमले मात्र खोजेको उपलब्धि प्राप्त गर्न सकिदैन भन्ने, विगत वर्षहरूदेखि गरिएका कार्यक्रमको उपलब्धिहरूले हामीलाई सिकाएका छन् ।

यो नीति अनुरूप स्थानीय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता राखिएको छ।

स्थानीय सरकारले संवैधानिक अधिकार सबै नागरिकले उपभोग गर्न सक्ने वातावरण निर्माण गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार सुनिश्चित गर्न गरेका प्रतिवद्धता कार्यान्वयन गर्न, दिगो विकास लक्ष्यको उद्देश्य अनुरूपको उपलब्धि हासिल गर्न, लैंगिक समानता कायम गर्न, नगरपालिकामा संचालन गर्ने सबै कार्यक्रम एवं बजेट लैंगिक मैत्री बनाउँदै लैंगिक उत्तरदायी शासन पद्धतीलाई संस्थागत गर्दै अगाडि बढ्नको लागि लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति आवश्यक छ भन्ने मान्यता राखी कटारी नगरपालिकाद्वारा लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति निर्माण गरिएको छ ।

## ३. लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिको आवश्यकता

१. नेपालको संविधानद्वारा प्रदत्त समानताको अधिकार लगायतका मौलिक अधिकार तथा महिला महासन्धिको समानता सम्बन्धी सिद्धान्तलाई आत्मसाथ गर्दै व्यवहारिक रूपमा स्थानीय तहदेखि कार्यान्वयन गर्ने आधार तयार गर्न ।

२. विकास लक्ष्य अनुरूप सन् २०३० सम्ममा गरिबीको अन्त्य, सबै प्रकारका विभेदको अन्त्य, सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारहरूको सुनिश्चितता गर्न, लैङ्गिक समानता कायम गर्ने जस्ता लक्ष्यहरू पूरा गर्ने आधार तयार गर्न ।

३. लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न ।

४. महिला, बालिका र यौनिक अल्पसंख्यकविरुद्ध हुने लैङ्गिक हिंसा अन्त्य गरी सबैका लागि हिंसा रहित, आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने वातावरण तयार गर्न ।

५. स्थानीय सरकारले क्षमता र आवश्यकताको आधारमा योजनाहरूको प्राथमिकता, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने आधार तयार गर्न ।

४. <u>लैङ्गिक नीतिका आधार स्तम्भहरु</u>

- लैङ्गिक हिंसा अन्त्यका लागि रोकथाम तथा प्रतिकार्य शैली ।
- लैङ्गिक हिंसाका प्रमुख कारकहरुको रुपमा सामाजिक लैंगिक बिभेदवाट उतपन्न महिला र पुरुष बिचमा रहेका अन्यायपुर्ण शक्ति सम्बन्ध एवम् हानिकारक मुल्यमान्यता तथा परम्परा हो भन्ने कुराको आत्मसात ।
- सामाजिक न्याय र समानुपातिक समाबेशी सिद्धान्तमा आधारित कार्य ।
- मानव अधिकारमुखि कार्य शैली ।
- सहकार्य एवम सहभागितामा आधारित ।
- शिक्षा, स्वास्थ्य तथा रोजगारमा महिला तथा सिमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व ।

५. <u>परिवर्तनको सिद्धान्त</u>

<u>बिदमान समस्या</u>: महिला माथि हुने घरेलु हिंसा, कुटपिट, घर निकाला, यौन हिंसा, बलात्कार, मानसिक समस्या, पाठेघर खस्ने समस्या, बोक्सीको आरोप, आत्महत्या, बाल विवाह, बहुविवाह, गर्भवती तथा सुत्केरी अवस्थामा गरिने हिंसा, अपांगता र एकल महिलामाथि गरिने विभेद, छुवाछुत, बैंक ब्यालेन्स र सम्पत्तिमा महिलाको अधिकार नहुनु, विकास निर्माणका कार्यमा महिलाको विद्यमान समस्या, समान अवसर र सहभागिता नभएको समस्याहरू विद्यमान रहेको छ। यसबाट महिला तथा बालबालिकाहरू धेरै संख्यामा प्रभावित भएको स्थिति छ।

समानुपातिक समावेशी नीति तथा सिद्धान्त अनुरूप विकासको मूल प्रवाहमा पछाडि पारिएको समूह तथा महिलाहरू अपेक्षित रूपमा समाहित हुन नसकेको छ। यसको फलस्वरूप नगरपालिकाको समग्र विकासमा असर पर्नुका साथै महिला तथा बालिकाहरूको नेतृत्व विकास र मानव अधिकार सुनिश्चित गर्न कठिनाई भएको स्थिति छ।

<u>कारणहरु:</u>

- पितृसत्तात्मक सामाजिक संरचना जसले महिला तथा किशोरीहरुलाई बिभेदपुर्ण ब्यवहार गर्न सामाजिक मान्यता प्रदान गरेको छ ।
- वर्ग,जात,रंग तथा भुगोलको कारण महिला तथा किशोरीहरुलाई बहुपक्षिय उत्पिडन तथा शोषण गर्ने मानसिकता ।
- महिला पुरुषको बिचमा असमान तथा अन्यायपुर्ण शक्ति सम्बन्ध ।
- जात, धर्म तथा प्रजातिको बिचमा असमानता तथा अन्यायपुर्ण सम्बधन्ध ।
- स्रोध साधनमाथि असमान पहुँच ।

**रणनीतिः**

- लैङ्गिक असमानता, महिला हिंसा र बाल विवाहलाई बढावा दिने सामाजिक मूल्य मान्यता र परम्परागत रुढिवादी सोचको अन्त्य गर्न अभियानमूलक कार्य समुदाय तहबाट सुरु गर्ने।
- लैङ्गिक हिंसा निवारणका लागि घर र परिवारलाई सुरक्षित बनाउन चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी महिलाहरूको आर्थिक सशक्तिकरण (आय आर्जनका लागि व्यावसायिक सिप विकास र सहयोग) मार्फत उनीहरूलाई आत्मनिर्भर बनाउने।
- कानूनी अधिकार, सेवा, सुरक्षा र सूचनाको अधिकारको सुनिश्चितता गर्ने।
- हिंसा प्रभावितहरूका लागि सहज र पहुँचयोग्य सहयोगी संयन्त्रहरूको व्यवस्था गर्ने।
- महिलाहरूलाई परिवर्तनका वाहकको रूपमा स्थापित गर्न सकारात्मक छवि निर्माण गर्न संचार माध्यमहरूसँग सहकार्य गर्ने।
- सरकार, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, विद्यालय, धर्मगुरु, पुरुष, युवा र महिला संजालहरूबीच कार्यगत एकता र साझेदारी बढाउने।

**परिणामः**

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति सम्बन्धि कार्यविधि, योजना निर्माण गरी कार्यान्वयणका लागि नगरपालिकाले आवधिक तथा बार्षिक योजनामा बजेटको ब्यवस्था गरिएको हुनेछ ।
- नीति कार्यान्वयणका लागि प्रभावकारी संरचनाहरुको निर्माण गरिएको हुनेछ ।
- लैङ्गिक हिंसामा न्यूनिकरण भएको हुनेछ ।
- लैङ्गिक हिंसा सम्बन्धित आधारभुत सेवामा पहुँच अभिबृद्धि भएको हुनेछ ।
- लैङ्गिक उत्तरदायि शासन पद्धतिलाई संस्थागत गरिएको हुनेछ । लैङ्गिक उत्तरदायि बजेट निर्माण भएको हुनेछ ।

## ६. नीतिको सिद्धान्त

- अविभेद
- समता
- कसैलाई पनि पछाडी नपार्ने
- शुन्य सहनशीलता
- गोपनियताको अधिकार
- समान सहभागिता
- प्रभावितको संरक्षण
- न्यायमा पहुँच बढाउने
- साझेदारीता र सहकार्यता

- अधिकारमुखि अबधारणा

७. <u>लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माण प्रक्रिया</u>

- नगरपालिका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य लगायत वडा सदस्यहरु तथा कर्मचारी लगायतका सरोकारवालाहरुको सहभागितात्मक रुपमा विभिन्न चरणमा सम्पन्न बैठक तथा सुझाव,
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमले बिभिन्न समय तथा बैठकमा उपलब्ध गराएका सुझाव,
- नगरपालिकाको सम्पुर्ण जनप्रतिनिधहरुको सहभागितामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको आवश्यकता सम्बन्धी गरिएको कार्यशालावाट प्राप्त निश्कर्ष तथा अनौपचारिक छलफलमा आएका सुझावहरु,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा सरकारद्वारा गरिएका मानव अधिकार प्रतिको प्रतिबद्धताहरुको अध्ययन, संघीय एवं प्रादेशिक सरकारद्वारा तयार गरिएको आवधिक योजना, दिगो विकास लक्ष्यप्राप्तीका लागि नेपाल सरकारद्वारा तयार गरिएका सुचक, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका सम्बन्धमा CEDAW Committee (2018) ले नेपाल सरकारलाई दिएको सुझाब लगाएतका विभिन्न दस्तावेजहरुको अध्ययन साथै न्यायिक समिति, एक द्वार संकट ब्यवस्थापन केन्द्र, सुरक्षा वास, प्रहरीमा रिपोर्टिंग भएका लैंगिक हिंसाको घटनाको विश्लेषण, बिभिन्न स्रोतवाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै यो लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति तयार गरिएको हो ।

८. <u>कटारी नगरपालिकाको दीर्घकालीन सोच</u> :

लैङ्गिक समानता, सामाजिक न्याय र समावेशितामा आधारित, हिंसामुक्त, समान अवसरयुक्त तथा सम्मानपूर्ण जीवन यापन सुनिश्चित भएको समुन्नत कटारी नगरपालिका ।

९. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको दुरदृष्टिः</u>

महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका सबै समूहको अधिकार सुनिश्चित गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धति, समावेशी विकास प्रक्रिया र प्रभावकारी सेवा प्रवाहमार्फत सोच, व्यवहार र संरचनागत रूपान्तरण गर्नु।

१०. <u>लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण हासिल गर्ने लक्ष्यः</u>

नगरपालिकाभित्र रहेका सबै प्रकारका लैङ्गिक भेदभाव, हिंसा र सामाजिक बहिष्करणको अन्त्य गर्दै महिलासहित सबै नागरिकको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समान पहुँच, समान सहभागिता र समान प्रतिफल सुनिश्चित गर्नु।

११. <u>उद्देश्यहरु</u>

१. पछाडि पारिएका समूहहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरणका लागि सहजिकरण

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

गर्दा महिलाको अवस्थालाई विशेष ख्याल गर्दै महिलाहरुको समानताको अधिकार सुनिश्चित गर्ने।

२. लैंगिकतामा आधारित हिंसा र भेदभावको अन्त्य गर्ने।

३. महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक श्रोत र अवसरमा वृद्धि गर्दै निर्णयप्रक्रियामा महिलाको सार्थक र समान पहुँच बढाउने।

४. आधारभूत अधिकारहरु सुनिश्चित गर्ने आधार तयार गर्दै महिला, बालबालिका, जेष्ठ नागरिक, र अपांगता भएका व्यक्तिहरुको सहभागिता र अधिकार सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने।

१२. <u>नीतिहरु</u>

- सबै प्रकारको लैंगिक विभेद अन्त्य गरी पालिका भित्रका सबै महिलाले सम्मानजनक जीवन जिउन सक्ने वातावरण सुनिश्चित गरिनेछ।
- लैंगिक समानताको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ।
- दिगो विकास र आर्थिक समृद्धिका लागि महिलाको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै विकासका सम्पूर्ण प्रतिफल र लाभ उपभोगमा महिलाको समान अधिकार सुनिश्चित गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- समाजमा रहेका कुरीतीजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुका कारण महिला तथा बालिकाहरुले भोग्नु परेका दुर्व्यवहार तथा हिंसा अन्त्य गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- हिंसा पीडित र प्रभावित महिलाहरुका लागि सहयोगी संयन्त्रको विकास गरिनेछ।

१३. <u>रणनीतिहरु</u>

- लैंगिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सामाजिक भेदभाव र बहीष्करण अन्त्यका लागि निरोधात्मक, प्रवर्धनात्मक र संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।
- नीति निर्माण, कार्यक्रम कार्यान्वयनमा महिलाको समानुपातिक अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुने एवं प्रतिफलमा समान अधिकार लागुहुने नीति अवलम्बन गर्ने ।
- नगरपालिकाले तयार गर्ने सम्पूर्ण नीतिगत र कानूनी दस्तावेजहरुलाई लैंगिक संवेदनशिल बनाउनुका साथै महिलाहरु सम्मानित भएर बाँच्न सक्ने आधार तयार गर्ने ।
- कानून निमार्ण गर्ने संयन्त्रहरू र कार्यान्वयन गर्ने निकायहरूलाई लैङ्गिक संवेदनशिल बनाउन सहजिकरण गर्ने ।
- लैङ्गिक हिंसाका जोखिम कम गर्न समुदायहरूमा वडा सदस्यहरुको अगुवाईमा महिला, युवा तथा निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।
- हानीकारक परम्परागत अभ्यासहरु,विभेदपूर्ण सामाजिक मूल्य मान्यता एवं महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोणको अन्त्य गर्न बिभिन्न अभियानहरु सञ्चालन गर्ने ।

- लैंगिक तथा समावेशिता सम्बन्धि खण्डीकृत तथ्यांक संकलन, विश्लेषण र नियमित रूपमा अद्यावधिक गर्दै समस्या सम्बोधनको लागि नयाँ रणनीति ,योजना तय गर्ने ।
- नगरपालिकाको योजना तथा कार्यक्रमहरू लैंगिक तथा सामाजिक समावेशीकरण केन्द्रित गरी तर्जुमा गर्दा स्थानीय सरकारले नगरवासी, संजाल, संस्थाहरु संगको समन्वय र सहकार्यमा काम गर्ने ।
- लैंगिक संवेदनशील बजेट र लैंगिक बजेट परीक्षण प्रणाली अवलम्बन गर्ने ।
- सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एवं परिवारको नेतृत्वसँगको साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर–किशोरी, युवा तथा महिलाहरुको सशक्तिकरणका लागि सहजिकरण गर्ने ।
- हाल स्थापित भूमिकामा परिवर्तन ल्याउनसक्ने योजनाहरुको छनौट गरी नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

१४. <u>रणनैतीक क्षेत्रः</u> माथि उल्लेखित परिणाम प्राप्त गर्न निम्न रणनैतिक क्षेत्रमा प्राथमिकताका साथ काम गरिनेछ ।

- सार्वजनिक र नीजि साझेदारी कार्यक्रमलाई प्रोतसाहन गर्ने ।
- नेतृत्व विकास ।
- क्षमता विकास ।
- सत्य तथ्यमा आधारित सुचना ब्यवस्थापन ।
- प्रमाणमा आधारित पैरवी ।
- नागरिक समाजसँग रणनीतिक साझेदारी ।
- बहुसंयोजन साझेदारीलाई बलियो बनाउँदै लैंगिक हिंसालाई सम्बोधन गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समाबेशिकरणलाई अन्तरसम्बन्धित सवाल बनाउने ।

१५. <u>रणनीतिले स्थापित गर्न खोजेको परिवर्तनमुखी लक्ष्यहरु</u>

- सहकार्यमा आधारित नेतृत्व
- संस्थागत रुपान्तरण
- सामुदायिक परिवर्तन
- अभियानमुखि तथा अधिकारमुखि

१६. गतिबिधिहरु:

| | |
|---|---|
| १. सबै प्रकारको लैंगिक बिभेद अन्तय गरी नगरपालिका भित्रका सबै महिला तथा किशोरीले सम्मानित जीवन जिउन सक्ने वतावरण सुनिश्चित गरिने क्रियाकलापहरु | ○ लैंगिक हिंसालाई न्यूनिकरण गर्न रोकथाम र प्रतिकार्य दुबै क्षेत्रमा काम गर्ने ।<br>○ समाजमा विद्यमान सबै प्रकारका लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गर्ने ।<br>○ लैंगिक हिंसा मुक्त न.पा घोषणा गर्न सुचकहरु तयार गर्ने ।<br>○ लैङ्गिक समानता आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने ।<br>○ लैङ्गिकमैत्री शब्द शव्दावलीको प्रयोग गर्ने ।<br>○ संचार माध्यमहरुमा क्रियाशिल पत्रकारहरुको लैंगिक समानताको दृष्टिकोण बाट क्षमता विकास गर्ने ।<br>○ सार्वजनिक तथा निजी क्षेत्रका कार्यस्थलमा महिला र बालिका माथि हुने भेदभावजन्य व्यवहारलाई निषेध गरी सुरक्षित वातावरण निर्माण गर्ने ।<br>○ यौन दुव्र्यवहार विरुद्धको कानुनका बारेमा जानकारी गराउने । साथै सार्वजनिक यातायातका सवारी साधनहरु लैंगिक मैत्रि बनाउन ब्यबसायीहरु संग छलफल गर्ने ।<br>○ महिला अधिकार तथा मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकार कर्मि तथा<br>○ समुदायका महिलाहरुको प्रत्यक्ष सहभागितामा लैङ्गिक दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।<br>○ होटेल, ब्यबसाय संचालकहरूसँग कार्यस्थलमा हुने यौन दूव्र्यवहार नियन्त्रण सम्बन्धी संवाद र अन्तरक्रिया गरी सुरक्षित , मर्यादित तथा सम्मानित कार्यस्थल निर्माण गर्ने ।<br>○ महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप क्षमता अभिबृद्धि गर्ने गतिबिधि संचालन गर्ने महिला सशक्तीकरणका लागि टोल वडा देखि नै सोच तथा ब्यबहारमा परिवर्तन गर्ने विभिन्न सुचना तथा शिक्षा मुलक गतिविधिहरु संचालन गर्ने ।<br>○ मातृमृत्युदर, बाल मृत्युदर घटाउन कार्यक्रम गर्ने साथै सुरक्षित |

| | |
|---|---|
| | मातृत्व सेवालाई प्रभावकारी बनउन निशुल्क एम्बुलेन्स सेवा संचालन गर्ने<br>○ Birthing Center मा लैंगिक मैत्रि ब्यबस्थापन गर्ने ।<br>○ गर्भवती जाँच गर्न आउँदा श्रीमतीलाई श्रीमानले लिएर संगै आउन थप प्रोत्साहन गर्ने , आउँदा जोडिलाई नै संगै राखेर बच्चाको स्याहार कसरी गर्ने अभिमुखिकरण गर्दै ४ पटक सम्म संगै आउने जोडिलाई थप भत्ता दिने स्किम ल्याउन सकिने ।<br>○ अपाङ्गता भएका महिला माथि हुन सक्ने हिंसाको अन्त्य गर्दै आत्मनिर्भर बनाउन रोजगारी, स्वरोजगारीका अवसर सिर्जना गर्ने ।<br>○ वर्षको १ पटक पालिका भरीका सक्रीय महिलाहरुको सहभागितामा महिला अधिकारका नयाँ मुद्धाहरुको पहिचान एवं आवश्यकता अनुरुपको क्षमता विकास कार्यक्रम राखे ।<br>○ नव विवाहित जोडि विवाह दर्ता गर्न आउँदा सकारात्मक सम्बन्ध बिस्तारका लागि नगरपालिका बाट परामर्श गर्ने ब्यबस्था मिलाउने ।<br>○ अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुलाई पंजिकरण गर्ने तथा सामाजिक सुरक्षाको दायरामा ल्याउने प्रक्रियागत कार्यको थालनी गर्ने । |
| २. लैंगिक समानताको लक्ष्य प्राप्त गर्न लैंगिक उत्तरदायि शासन पद्धतिलाई संस्थागत गर्न गर्ने क्रियाकलापहरु | ○ योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृयामा समान सहभागितालाई अनिवार्य गर्ने ।<br>○ नीति निर्माण तथा योजना तर्जुमाको प्रकृयामा संलग्न रहने सबै जनप्रतिनिधि तथा सरोकारवालालाई लैङ्गिक सम्वेदशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी प्रकृयाबारे अभिमूखीकरण गर्ने ।<br>○ नगर आवधिक ५ वर्षे योजना तर्जुमा गर्दा लैंगिक संवेदनशिल बनाउने ।<br>○ नीतिहरु, कार्यविधि तथा रणनीति तयार गरी (प्रजनन स्वास्थ्य, लैंगिक समानता नीति, सामाजिक सुरक्षा नीति ) प्रभावकारी कार्यान्वयनमा ल्याउने ।<br>○ पालिका भित्र Gender Focal Person तोक्ने । |

| | |
|---|---|
| | ○ नगरपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक हिंसा निवारणका दृष्टिकोणबाट पुनरावलोकन गरि  समायोजनका लागि मापदण्ड तयार गरी लागु गर्ने ।<br>○ लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई परिणाममूखी बनाउन संयन्त्रहरु गठन गर्ने (हरेक टोल विकास संस्थामा लैंगिक सचेतीकरण र अवस्था पहिचानका लागि समिति निर्माण गर्ने ।<br>○ लैंगिक हिंसामुक्त नगरका लागि आवश्यक संरचनाहरु ( लैंगिक हिंसामुक्त समन्वय समिति, अनुगमन समिति जस्ता संरचनाहरु) कार्यविधि मार्फत व्यवस्थित गर्ने ।<br>○ लैङ्गिक उत्तरदायी शासन पद्धति कार्यान्वयन्न भए नभएको जानकारी लिन लैङ्गिक परीक्षण गर्ने पद्धति अपनाउने ।<br>○ लैङ्गिक समानता तथा महिला सशक्तिकरणको लागि बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटि बसाल्न  नीतिगत ब्यबस्था गर्ने ।<br>○ दिगो विकास लक्ष्य अनुसार लैङ्गिक सूचकहरूलाई परिभाषित गरी वर्गीकृत सूचना संकलन, विश्लेषण तथा उपयोग गर्ने प्रणलीको विकास गर्ने ।<br>○ महिलाहरुको नेतृत्वदायि भूमिकालाई  अझ बढि प्रभावकारी बनाउन साझेदार संस्थाहरू मार्फत महिलाका लागि सामाजिक राजनीतिक सशक्तिकरण गर्ने कार्यक्रमहरू संचालन गर्ने ।<br>○ नागरिक सहायता कक्षको स्थापना तथा प्रभावकारी ब्यबस्थापन गर्ने ।<br>○ नगरपालिका भित्रका हरेक हरेक निकाय बाट दिइने सुविधाहरु लैङ्गिकमैत्री  बनाउने ।<br>○ जनप्रतिनिधिहरुको शासकिय क्षमता अभिबृद्धि (लैंगिक शासन पद्धतिलाई ब्यबस्थित गर्न) मा जोड दिने ।<br>○ नगरपालिका भित्रका सबै संयन्त्रहरु महिला मैत्री बनाउने । (शिशुस्याहार केन्द्र, कर्मचारी भर्ना गर्दा महिलालाई प्राथमिकता )<br>○ नगरपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरु लैङ्गिकमैत्री (बालबालिका, महिला,अपांगता, जेष्ठ नागरिक मैत्री) बनाउने । |

| | |
|---|---|
| | ○ कार्यक्रमहरुको अनुगमन र मुल्यांकन दृष्टिकोण बाट गर्ने । |
| ३. दिगो विकास र आर्थिक सम्बृद्धिका लागि महिला, खास गरि सिमान्त समुदायको महिलाहरुको समान अवसर, नेतृत्वदायि भुमिका र समान प्रतिफल र लाभ उपभोगमा महिलाको अधिकार सुनिश्चितताको लागि गरिने क्रियाकलापहरु | ○ हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य गर्ने । (हरेक उपभोक्ता समिति समुह संरचनामा पदाधिकारी सहित अर्थपूर्ण प्रतिनीधित्वको व्यवस्था)<br>○ सामुहिक उद्यमी महिला कार्यक्रमलाई प्रोत्साहन गर्ने । महिला उद्यमीहरुले संचालन गरेका उद्योग, ब्यवसायहरुलाई बिशेष प्राथमिकता , अनुदानको ब्यवस्था साथै महिलाको नाममा दर्ता गर्ने उद्योगलाई राजस्वमा बढि छुटगर्ने नीतिको अबलम्बन र महिला उद्यमीद्धारा उत्पादित बस्तुको बजारिकरणका लागि सहजिकरण गर्ने ।<br>○ रोजगारिका विकल्पहरु पहिचान र स्वरोजगार सम्बन्धि कार्यक्रमलाई प्रोत्साहन गर्ने ।<br>○ एकल, बिधवा, तथा आर्थिक रुपले विपन्न (एक्लै परिवार पाल्नुपर्ने) महिलाहरुको सामाजिक सुरक्षा, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिने ।<br>○ प्राबिधिक तथा अन्य क्षेत्रहरुमा (जस्तै बिद्युत वाएरिङ्, प्लम्बिङ्, सवारी वर्कसप, भवन तथा सडक निर्माणको कार्य) महिला तथा यौनिक अल्पसंख्यकलाई अवसर दिने तथा कार्यगर्ने दुबैलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।<br>○ समान कामको समान ज्यालालाई अनिवार्य गर्ने ।<br>○ स्थानीय सरकारले गर्ने करार नियुक्ति तथा स्थायी पदपूर्तीमा ५० प्रतिशत महिला जसमा हिंसा पिडितलाई प्राथमिकता ) अनिवार्य गरिनेछ तथा संख्याको आधारमा यौनिक अल्पसंख्यकलाई पनि प्राथमिकता दिने ।<br>○ नगर प्रहरीमा ५० प्रतिशत महिला प्रहरी रहने गरी नीतिगत ब्यवस्था गर्ने ।<br>○ नीजि संम्पत्तिको स्वामित्व श्रीमान् श्रीमती दुबैको संयुक्त रहने गरी लालपुर्जाको ब्यवस्थालाई अनिवार्य गर्ने ।<br>○ कृषि , पशुपालन, फलफूल, तरकारी, मौरी पालन लगाएतका ब्यवसायिक क्षेत्रलाई आधुनिकिकरण गर्दै महिलाको सुरक्षित र |

| | |
|---|---|
| | समान पहुँच बढाउने नीतिगत ब्यवस्था गर्ने ।<br>○ महिला संलग्न रहने घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक मूल्य कायम हुने गरी आर्थिक गणना गर्ने कार्यलाई प्रक्रियागत रुपमा स्थानिय सरकाले अगाडि बढाउने ।<br>○ महिला, दलीत, सिमान्तकृतको लागि छुट्याइएको बजेट सोही समुहको स्तरोन्नती ,सशक्तिकरण, नेतृत्व विकासका लागि खर्च गर्ने ।<br>○ किशोरीहरुलाई प्राविधिक क्षेत्रमा आउन प्रोत्साहन गर्दैं कृषि जेटिए, ग्रामिण पशुस्वास्थ्य कार्यकर्ता, स्वास्थ्य क्षेत्रमा छात्रवृत्तिको ब्यवस्था गरी परिचालन गर्ने । |
| ४. समाजमा रहेका कुरीतिजन्य तथा हानिकारक परम्परागत अभ्यासहरुका कारण महिला तथा किशोरीहरुले भोग्नु परेका दुर्व्यवहार तथा हिंसा अन्त्य गर्न गरिने क्रियाकलापहरु । | ○ कुरीतीजन्य तथा रुढिवादि परम्परा, संस्कार परिवर्तन तथा लैङ्गिक हिंसा अन्त्यका लागि समुदायका अगुवा महिला,पुरुष,युवाहरु बिच अन्तरक्रिया, बहस छलफल चलाउनुका साथै कानूनी शिक्षाका सूचना सामग्री बनाई अनुशिक्षण गर्ने, प्रचारप्रसार गर्ने ।<br>○ महिला सदस्यहरुको नेतृत्वमा हरेक वडाका टोल टोलमा समूह् गठन (महिला, युवा, किशोर किशोरी समूह् गठन तथा परिचालन) गरी उनिहरुलाई विषयगत रुपमा तालिम दिई लैङ्गिक भूमिका रूपान्तरण, सोच र ब्यबहारमा परिवर्तनका लागि उनिहरुलाई नै स्वयं जिम्मेवार बनाउँदै परिचालन गर्ने ।<br>○ शिक्षकहरुलाई तालिम दिई विद्यालयमा लैंगिक विभेद, वाल विवाह, यौन हिंसा तथा यौन दुब्र्यबहार लगतका विषयमा छात्रछात्राहरुलाई सुसुचित गर्न हप्तामा कम्तीमा एउटा कक्षा अनिवार्य रुपमा लिने ब्यबस्था मिलाउने ।<br>○ ब्यक्ति, परिवार, धार्मिक गुरु, अगुवा, शिक्षक, युवाहरु, टोल विकास समितिहरुलाई महिला अधिकार , लैंगिक समानताको सवालमा सुसुचित गराउँदै लैंगिक हिंसा न्यूनिकरणमा सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहन गर्ने ।<br>○ हिंसा विरुद्ध समूह, समुदाय, न्यायीक समिति, अन्य कानून कार्यान्वयन गर्ने निकायको भूमिकालाई प्रभावकारी बनाउने । |

| | |
|---|---|
| | ○ हिंसा नियन्त्रण गर्न कर्तब्यबोध नगर्ने, लापरवाहि गर्ने, पिडकको संरक्षण गर्ने, सबैलाई कानूनी दायराभित्र ल्याउनुका साथै सामाजिक रुपले बहिस्कार गर्ने ।<br>○ शिक्षक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकार लगाएत सरोकारवाला र स्थानीय सरकारबीच समय समयमा सार्वजनिक वहस एवं सम्वादका कार्यक्रम सञ्चालन गर्ने ।<br>○ सार्वजनिक धार्मिक कार्यक्रमहरुमा महिला पण्डितहरुलाई सम्मान गर्ने ।<br>○ घरेलु कामकाज, हेरचाह कार्य, अभिभावकीय भूमिका लगाएत पूर्नउत्पादनका क्रियाकलापमा महिला र पुरुषको समान भूमिका दायित्व बोध गराउने गरी प्रर्वद्धनात्मक कार्यक्रम संचालन गर्ने । (श्रीमन् श्रीमतिलाई संगै राखेर सुसुचित गर्ने )<br>○ सबै तहका विद्यालय शिक्षामा लैङ्गिक समानता विषयलाई अनिवार्य समावेश गरी पाठ्यक्रममा परिमार्जन गर्ने ।<br>○ हरेक विद्यालयमा एउटा इमजेन्सी कोठा ( अप्ठेरो पर्दा आराम गर्ने , शौचालय, धारा लैंगिक मैत्री बनाउन अनिवार्य गर्ने ।<br>○ साथै हरेक विद्यालयहरुमा निशुल्क शेनेटरी प्याड उपलब्ध गराउनुका साथै ब्यबस्थापनमा ध्यान दिने ।<br>○ महिलाहरुको आङ्ग खस्ने तथा प्रसव फिस्टुलाको समस्या सम्बोधनकाा लगि सुचना मुलक कार्यक्रम सहित हरेक वडामा शिविर संचालन (शिविरको समयमा महिलाहरुको<br>○ स्वास्थ्यलाई प्रभावपाने तत्व, अधिकारको बारेमा सुचना प्रवाह गर्ने)<br>○ किशोरी, गर्भवती र सुत्केरी महिलाको पोषण सम्बन्धि आवश्यकतालाई पुरा गर्ने कार्यक्रम ल्याउने<br>○ समाजमा छोरा र छोरीको समान मान्यता स्थापित गर्न छोरी छोरी हुने दम्पतिलाई प्रोत्सान गर्न सम्मान गर्ने ।<br>○ महिलाको प्रजनन् स्वास्थ्य अधिकारको बारेमा समुदायमा सुसुचित गराउन महिला स्वास्थ्य परामर्श कर्ताको विकास , परिचालन र सेवालाई निरन्तरता दिने ।<br>○ सामाजिक संजाल, विद्युतिय अपराध (Social Media Cyber |

| | |
|---|---|
| | Crime) को बारेमा किशोर, किशोरी, युवा तथा महिलाहरुलाई सुसुचित गर्ने । नगरपालिका सबै वडा स्तरमा के कस्ता विद्यमान हिंसा छन् त्यस बाट के कस्तो असर परिरहेको छ , को बढि जोखिममा छन् लगाएतका सवलमा अध्ययन गरी स्थिति विश्लेषण गर्ने । र सोको आधारमा योजना तर्जुमा गरी कार्यान्वयनमा लाने । |
| ५. हिंसा प्रभावित महिला तथा किशोरीहरुको लागि सहज एवं पहुँच युक्त सहयोगी तथा सेवा संयन्त्रको विकास गर्न गरिने क्रियाकलापहरु । | ▪ न्यायिक समितिलाई सशक्त बनाउँदै ब्यबस्थित इजलाश तयार गर्ने ।<br>▪ मध्यस्थकर्ताहरुमा लैगिक संवेदनशिलता बृद्धिको लागि तालिमको ब्यबस्था गर्ने ।<br>▪ संघिए सरकारकार, प्रदेश सरकारले निर्माण गरेका मापदण्ड र निर्देशिकालाई आधार बनाई स्थानिय सरकाले एकिकृत सेवा संचालनका लागि मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउने ।<br>▪ उजुरी ब्यबस्थालाई सहज र प्रभावकारी बनाउन हेल्पलाइन फोनको ब्यबस्था गर्ने।<br>▪ हरेक वडामा मनोविमर्शकर्ताको नीतिगत ब्यबस्था गरी कार्यान्वयन गर्न पहल गर्ने मनोविमर्शकर्ताको विकास तथा ब्यबस्थापन)<br>▪ हिंसा पिडित÷प्रभावितले निशुल्क कानूनी सेवा संगै सामाजिक न्याय पाउने सहयोगि संयन्त्रको विकास गर्ने ।<br>▪ निशुल्क स्वास्थ्य उपचार<br>▪ हिंसा पिडित र प्रभावित महिलाहरुको लागि उचित सुरक्षा वासको ब्यबस्था ।<br>▪ हिंसा प्रभावितका लागि आकस्मिक कोष स्थापना र परिचालन<br>▪ लैंगिक हिंसा सम्बन्धिका घटनालाई समाज मै दवाव पूर्वक मिलाउने पद्धतिलाई निरुत्साहित गर्ने ।<br>▪ नगर भित्र शहरी स्वास्थ्य क्लीनिक वा स्वास्थ चौकीमा एकद्धार संकट ब्यबस्थापन प्रणालीलाई सुचारु गर्न पहल गर्ने ।<br>▪ हिंसा प्रभावितहरुलाई आत्मनिर्भर बनाउन सिप , क्षमता अभिबृद्धि र आर्थिक अनुदानमा ध्यान दिने ( सामुहिक तरकारी खेति, ब्यबसायिक सिप विकास , ब्यबसाय संचालन ) ।<br>▪ हिंसा प्रभावित बालीकाहरुको लागि १२ कक्षा सम्म पढन पाउने |

| | |
|---|---|
| | ब्यबस्थालाई सुनिश्चित ् गर्ने ।<br>▪ हिंसा प्रभावित परिवर्तनका बाहक भएर काम गर्ने वातावरण तयार गर्नुका साथै क्षमता विकासमा सहजिकरण गर्ने ।<br>▪ लैङ्गिक हिंसा न्यूनिकरणका लागि घर, पारिवार सुरक्षित बनाउन सचेतनाका अभियान संचालन गर्दै ।<br>▪ प्रहरी तथा वकिलहरुलाई लैंगिक संवेदनशिल बनाउन तालिम संचालन गर्नुका साथै ।<br>○ समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने । |